# इतिहास शिरोमणि बाबुराम आचार्यका स्मृतिमा

--सूर्यविक्रम ज्ञवाली

इतिहास शिरोमणि स्वर्गीय बाबुराम आचार्यसित भएको लामो अवधिको मित्रताको कुरा संम्झदा अनेक घटनाका स्मरण हुन्छन् । आज यहाँ तीमध्ये यौटाको संक्षिप्त विवरण वहांका स्मृतिमा लेख्न लागिरहेछु । मैले लेखेको भन्दा आचार्यज्यूले मलाई यस सम्बन्धमा लेख्नुभएको पत्रको चित्र जो यस लेखसित छापिएको छ त्यसले यस सम्बन्धमा अधिक कुरा बताउनेछ ।

सन् १९३६ को एप्रिल महीनाको २९ तारीखका दिन लेखिएको वहांको पत्र पाउँदाको प्रसन्नताभन्दा पनि बढ्ता त्यसभित्र खामिएका नेपालीमा लेखिएका सकल ऐतिहासिक पत्र पाउँदा मलाई खुशी लागेको थियो । ती पत्र पाएको भन्दा पनि बढ्ता हर्ष आचार्यज्यूको आफूमाथि भएको विश्वास चाल पाई मलाई भएको थियो ।


धेरैसम्म ती पत्रको मैले कुनै उपयोग गर्न सकेको थिइन र ती मसँगै रहिरहेका थिए । सन् १९५७ तिर श्री धनबज्र बज्राचार्य तथा श्री ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक पत्रसंग्रह नामक पुस्तकको पहिलो भागमा "राजकुमार बहादुर शाहले श्री ५ रणबहादुर शाहलाई लेखेको पत्र" भन्ने शीर्षकमुनि आचार्यज्यूले मलाई पठाउनुभएका पत्र मध्येको यौटा पत्र देखें । (पृष्ठ–७७) त्यसका पादटिप्पणीमा "ऐ. शि. बाबुराम आचार्यको संग्रहमा रहेको यस पत्रको उतार परम्पराबाट हामीले पाएका हौं" भनी लेखिएको छ । छापिएछ, बढियै भयो भनी म चूप लागी बसें । यसका केही वर्षपछि १९६६ तिर योगी नरहरि नाथका सम्पादकत्वमा प्रकाशित इतिहास प्रकाशमा "सन्धिपत्रसंग्रह भाग १" नामक ग्रन्थमा फेरि यो पत्र छापिएको देखें (पृष्ठ ५४) ।

उपर्युक्त दुवै प्रकाशनमा विन्याससम्बन्धी एक दुई कुरा तलमाथि परेका भए तापनि तिनको चर्चा गर्ने आवश्यकता मलाई प्रतीत भएन र म चूप लागी बसिरहें ।


दुई चार वर्षअघि एकचोटि आचार्यज्यूले यो पत्रको चर्चा मसँग गर्नुभयो औ सो मसँग माग्नुभयो । मैले कता परेको छ खोज्नुपर्छ भने जस्तो मलाई लाग्छ । यसपछि एक दुई पटक अरू वहांले यस सम्बन्धमा मसँग सोध्नुभए जस्तो लाग्छ । मैले "खोज्छु, कतै परेको छ" भनी भनेको संझना हुन्छ । त्यसपछि मैले वास्ता नगरे जस्तो वहांले ठान्नु भएछ क्यारे ! एक दिन वहांले अरू थोक होइन, त्यसको चित्र प्रकाश हुनुपर्छ र सो गराउन मलाई भन्नुभयो । हुन्छ, मौका पर्नेबित्तिकै चित्र प्रकाश गराउनेछु भनी मैले उत्तर दिएं तथा यस कुराको त्यस वेला यसरी टुंगो लाग्यो ।

म त्यस मौकाको विचार गर्न लागें । बहादुर शाहसम्बन्धी यौटा परिचयात्मक लेख लेखी त्यो पत्रको चित्र छाप्ने कि कसरी छाप्ने ? भन्ने कुरा केही दिन मैले मनमा खेलाएको भए तापनि केही निश्चय गर्न सकिन र सो काम त्यसै रहिरह्यो । आचार्यज्यूले पनि यसपछि त्यस विषयमा मसँग केही कुरा गर्नुभएन । तर मेरा मनमा यसका विषयमा केही काम गर्नुपर्छ भन्ने ता लागिरहेको थियो, तर त्यस कामले कुन रूप लिनुपर्छ त्यसको निश्चय मैले गर्न सकेको थिइन ।


आचार्यज्यूको ५ सेप्टेंबर १९७२ का दिन निधन भयो । वहाँपछि आचार्यज्यूले मसित त्यस पत्रका सम्बन्धमा केही वर्षअघि व्यक्त गर्नुभएको इच्छा पूर्ण गर्न म व्यग्र



क, श्री बाबुराम आचार्यले श्री सूर्यविक्रम ज्ञवालीलाई लेखेको पत्र पेज नं १



श्री बाबुराम आचार्यले श्री सूर्यविक्रम ज्ञवालीलाई लेखेको पत्रपेज नं २



श्री बहादुर शाहले श्री ५ रणबहादुर शाहलाई लेखेको अर्जी

भएँ । यताउति उद्योग गरें । तर भने जस्तो सफलता प्राप्त गर्न सकिन । अन्त्यमा हाल यस लेखसित प्रकाशित बहादुर शाह तथा आचार्यज्यूका पत्रको चित्र सहित यौटा सानो लेख लेखी आचार्यज्यूको स्मृतिमा श्रद्धा अर्पण गर्ने इच्छाको सूचना मेरा बन्धु श्री जनकलाल शर्मामार्फत अर्का मेरा सुयोग्य मित्र पुरातत्व विभागका संचालक श्री रमेशजंग थापाका समीपमा मौखिक निवेदनका रूपमा पठाएं । आचार्यज्यूका स्मृतिमा श्रद्धा अर्पण गर्ने काममा श्री थापा महोदयको अनुमति नपाउने कुरै थिएन र आज बहादुर शाहको पत्र र सो पत्र पठाउँदा आचार्य-ज्यूले मलाई लेख्नुभएको पत्रको चित्र यस लेखसित प्रकाशित भएका छन् ।

बहादुर शाहको हस्ताक्षरको अर्को उदाहरण न-पाइएसम्म यो चित्रको हस्ताक्षरका विषयमा अन्तिम मत स्थिर गर्न गाहारो छ। आचार्यज्यूका मतमा ता "यो निश्चित उनैको हस्ताक्षरको हो" भन्ने थियो। हस्ताक्षर तथा पत्रबाट तिन ताक वा पहिलेका अनेक ठूला मानिस-सरह बहादुर शाहले पनि पाठशालामा पढे जस्तो अनुमान हुँदैन ।

## बहादुर शाहको पत्र

श्री १

अर्जि

उप्रान्त वहाँको समाचार बक्सी पठाउनुभयो सुन्यु ये तरहले बन्दछ त्यसै गर्नु हवस् उप्रान्त मोहरको सहीमा नआवनु मर्जीमाफीक गरौंला वकी इहाँ वस्ना. कन त गाह्रो मान्याको छैन तांहां आउन गाह्रो लागी ह्ये छ हजुरको मेहरमानी कसी पनि छैन तस् कारन् मलाइ ता यहाँ बस्नु बढीया छ मुकाम कीला सुभम् सुभम्

वंदा बहादुर साहको कुर्नेस वंदगी ३

## आचार्यज्यूको पत्र

त्रि. चन्द्र कालेज
२९ अप्रेल १९३६

प्रिय बाबु,

श्री पृथ्वीको जीवनी एक प्रति ने. भा. प्र. समि-तिमा ने. सा. स. द्वारा पठाउने कुरा केहि दिन अगाडि लेखेको हुं सो किताब जाँच हुंदैछ । संभवत: प्रवेश रोकिन्छ । तेस कारणले पठाएको भए पनि भैगो । केहि हानि छैन । नपाठाए पनि एकै हो । किनभने तेस जाँचमा समिति पनि सामेल हुने भएको छ ।

औ एस पत्र साथ चारौटा पुराना लेख पठाएको छु । नेपाली भाषाका विषयमा छानवीन गर्नेलाई काम लाग्दछन् । बहादुर शाहको तस्वीर कहिं पाएको छैन । तिनको हस्ताक्षरको पत्र एसै साथ छ । नजरबन्द भइ-रहेको अवस्थामा पनि तिनको धैर्यता तेस पत्रबाट टपकन्छ । इ पत्र ने. सा. सम्मेलनका पुस्तक वा पत्रका विभागमा राखिदिने बन्दोवस्त गरिदिनुहोला । कदाचित उहाँ रहने राम्रो प्रबन्ध नभए तपाईं संगै रहोस् पछि फिर्ता मागुंला । सम्मेलन सार्वजनिक संस्था हुनाले र तहाँ रहे तपाईं-हामी सबैलाई काम लाग्ने तपाईं वा मसंग रहेमा हामीहरूपछि नष्ट भएर जाने हुनाले हामीहरूका उत्तरा-धिकारीहरूलाई पनि काम लागोस भन्ने मेरो विचार हो ।

सो पत्रहरू ने. सा. सम्मेलनका पत्रिका वा अरू नेपाली भाषाका पत्रिकामा छापे हुन्छ । तर ती छापिएका पत्रिका तीन चार वर्षभित्र नेपालमा आउँदैनन् भने मात्र । नत्र व्यर्थको खलबल मात्र हुन्छ ।

ती पत्रहरू सम्मेलनमा राख्दा तपाईंका नामबाट राख्नुभए हुन्छ । तहाँ मैले दिएको भन्नें नपार्नु बेस छ

तपाईंको
बाबुराम आचार्य